आज मिति २०८२/०५/२३ गते यस निस्दी गाउँपालिकाको ९२ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री गम बहादुर गाहा

**मिति २०८२।०५।२३ गते बसेको निस्दी गाउँपालिकाको ९२ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको आ.व २०८२/०८३ को कार्ययोजना तथा खरिद गुरुयोजना २०८२ सर्वसम्मत पारित गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं २ सहलकोट र वडा नं ३ झिरुवासको सिमानामा रहेको कुनर खोलाको २ वटा घाटमा रहेको नदिजन्य पदार्थको आ.ई.ई गर्न परामर्श सेवा खरिद गर्ने निर्णय गरियो । खर्चको लागत अनुमान तयार गाउँ कार्यपालिकाको कार्यालयले गर्ने र खर्च परामर्श सेवा शिर्षकवाट हुने गरी कार्य प्रारम्भ गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरीयो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं २ सहलकोट स्वास्थ्य चौकी निर्माणको लागि लुम्विनी प्रदेश सरकार बाट शसर्त अनुदान रु १ करोड र गाउँपालिका बाट रु ५० लाख बजेट बिनियोजन गरीएकोमा उक्त आयोजनाको लागि डिजाईन लागत अनुमान गर्ने जिम्मा ईन्जियर लाई दिने र सोयल टेस्ट कार्य गर्न रु ५ लाख सहलकोट स्वास्थ्य चौकी निर्माण रु ५० लाख शिर्षकबाट भूक्तानी हुने गरी प्रकृयाबाट अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको गाउँ सभाको १८ औं विशेष अधिवेशन मिति २०८२/०६/०९ गते आहवान गर्ने र आवश्यक तयारी गर्न गाउँ सभाको सचिवालय लाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा आ.ब २०८२/०८३ मा आयोजना तथा कार्यक्रम संचालन गर्न पाल्पा जिल्ला दर रेट लाई आधार मानि **निस्दी दर रेट २०८२** सर्वसम्मत पारित गरीयो । साथै जिल्ला दर रेटमा नभएको आईटमको समेत **निस्दी दर रेट २०८२** सर्वसम्मत पारित गरियो ।

७. प्रस्ताब नं ७ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरीयो ।

क ) निस्दी गाउँपालिकामा उपभोक्ता समिति गठन मिति २०८२/०६/१० गते भित्र , लागत अनुमान तयार २०८२ कार्तिक २० सम्म तयार गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

ख ) म स्वस्थ मेरो समुदाय स्वस्थ : घरटोलमा स्वास्थ्य प्रवर्दन कार्यक्रमको लागि जनस्वास्थ्य अधिकृत सातौं को विज्ञापन गर्ने निर्णय गरियो ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष

ग ) निस्दी गाउँपालिका वडा नं १ बाकामलाङ  भोटाहामा डम्पिङ रहेको नदिजन्य पदार्थको आय ठेक्का गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

घ ) प्रहरी चौकी व्यवस्थापन रु ५ लाख बिनियोजन भएकोमा देहाय अनुसार बाँडफाँड गर्ने निर्णय गरीयो ।

१. भोटाहा प्रहरी चौकी मोटर साईकल खरिद रु ३ लाख १५ हजार

२. जब्गादी प्रहरी चौकी रु २५ हजार

३. रुक्से भञ्ज्याङ प्रहरी चौकी रु १ लाख

४. भोटाहा प्रहरी चौकी रु ६० हजार

ङ ) निस्दी गाउँपालिकाको पालिका स्तरीय आयोजना भकारो सुधार कार्यक्रम रु १० लाख ५० हजार  देहाय अनुसार बाडफाँड गरीयो ।

<u>देहाय</u>

| क्र स | वडा कार्यालय | बिनियोजित संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाकामलाङ | ८ | |
| २ | सहलकोट | ८ | |
| ३ | झिरुवास | १० | |
| ४ | मित्याल | १३ | |
| ५ | गल्धा | १२ | |
| ६ | अर्चले | ८ | |
| ७ | ज्यामिरे | ११ | |
| | जम्मा | ७० जना | |

साथै बार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत कार्यक्रम साझेदारी फार्म प्रवर्दन ५० प्रतिशत अनुदान शिर्षकमा रहेको रु ३,००,००० लाई बंगुर फार्म प्रवर्दन कार्यक्रम संचालन गर्ने  र अनुदान संख्या १ कायम गर्ने  सर्वसम्मत निर्णय गरियो ।

च ) निस्दी गाउँपालिकामा रहेको बजारहरुको अनुगमन गर्ने निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष